प्रदेश सरकार

प्रदेश न. ५

## सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

(योजना तथा कार्यक्रम शाखा)

बुटवल, नेपाल

प.सं.- २०७६/०७७ फोन न ०७१ ४४५५५८/६०

च. न.

मिति : २०७६।११।१२

**विषय : मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाई छात्रवृत्ति सम्बन्धि पु:न सुचना प्रकाशन गरिएको ।**

प्रस्तुत विषयमा आ. व. २०७६।०७७ को बार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रदेश न ५ अन्तर्गत कक्षा ११ र १२ मा अध्ययनरत **मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाइ छात्रवत्ति** उपलब्ध गराउने कार्यक्रम रहेकोले मिति २०७६।०८।०१ गतेका दिन तपसिलमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्न सार्वजनिक सुचना प्रकाशन गरिएकोमा विभिन्न विद्यालयहरुले सो सुचनाको जानकारी समयमानै प्राप्त गर्न नसकिएकोले, म्याद थप गरिदिनुहुन मौखिक अनुरोध भई आएकोले पु:न यो सुचना प्रकाशन गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र छात्रवृत्ति माग गर्ने विद्यार्थीले बैंकमा खाता खोली अध्ययन गर्ने विद्यालयमा बैंक खाता नंबर सहित निवेदन पेश गर्नुहुन र विद्यालयले प्राप्त निवेदन २०७६ चैत्र १५ गतेभित्र एकमुष्ट रुपमा तपसिल बमोजिमका सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैका लागि पु:न सुचना प्रकाशन गरिएको छ ।

पेशगर्नुपर्ने कागजात

१ विद्यार्थीको निवेदन पत्र ।

२ विद्यालयको सिफारिस (सम्बन्धित कक्षामा अध्ययन गरिरहेको व्यहोरा सहितको सिफारिस पत्र ।)

३ विद्यार्थी मुक्त कमैया कम्लहरी मुस्लिम र दलित समुदायको हो भनि जिल्ला प्रशासन कार्यालय वा अन्य सरकारी निकायले उपलब्ध गराएको प्रमाणपत्रको प्रतिलिपि।

४ कक्षा १० / एस. इ. इ .उत्तिर्ण गरेको मार्कसिट / ग्रेड सिट र स्थानन्तरण प्रमाणपत्र ।

५ विद्यार्थीले बैंक खाता खोलि बैंकको नाम र खाता नं निवेदनमा उल्लेख हुनुपर्नेछ ।

तपसिल

१ श्री सामाजिक विकास डिभिजन कार्यालय , बाँके – बाँके र बर्दिया ) सम्पर्क न ९८६७२४७७२९

२ श्री सामाजिक विकास डिभिजन कार्यालय , दाङ्ग - दाङ्ग र रुकुम पुर्व ) सम्पर्क न ९८४१४८७६१५

३ श्री सामाजिक विकास डिभिजन कार्यालय , प्युठान - रोल्पा र प्युठान ) सम्पर्क न ९८४७१०९९२१

४ श्री सामाजिक विकास डिभिजन कार्यालय , कपिलवस्तु गजेडा - अर्घाखाँची र कपिलवस्तु ) सम्पर्क न ९८५७०६३१३३

५ श्री सामाजिक विकास डिभिजन कार्यालय , पाल्पा तानसेन - गुल्मी र पाल्पा ) सम्पर्क न ९८५७०१६८१३

६ श्री सामाजिक विकास डिभिजन कार्यालय , रुपन्देही भैरहवा - रुपन्देही र नवलपरासी पश्चिम ) सम्पर्क न ९८५७०१७१८४

उप सचिव

बोधार्थ

श्री ६ वटै सामाजिक विकास डिभिजन कार्यालय प्रदेश नं ५ , उल्लेखित बमोजिमको सुचना प्रसारण तथा आवश्यक व्यवस्था गर्नुहुन साथै यस निर्देशनालयले उपलब्ध गराएको फर्मेटमा सारांश तयार गरी पठाईदिनुहुन ।

Email address provinceedd5@gmail.com Website eddmos.p5.gov.np

"सक्षम निजामति प्रशासन: विकास समृद्धि र सुशासन"